शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०७५ साल भाद्र महिनाको ५ गते मंगलवारका दिन विहानको ठिक ११.०० वजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्ग ज्यू को अध्यक्षतामा बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

तपशिल :

श्री किसान गुरुङ्ग , नगर प्रमुख , सदस्य (नगर कार्यपालिका )
श्री सबिता रसाईली , नगर उपप्रमुख ,सदस्य (नगर कार्यपालिका)
श्री नवराज पण्डित , नि.प्र.प्र.अधिकृत एवम सचिव ( नगर कार्यपालिका )
श्री रवि चन्द्र पौडेल, सदस्य (नगर कार्यपालिका)
श्री जगत बहादुर गुरुङ्ग ,सदस्य (नगर कार्यपालिका)
श्री राम कुमार श्रेष्ठ ,सदस्य (नगर कार्यपालिका)
श्री शिव कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)
श्री दिर्घ बहादुर थापा, सदस्य (नगर कार्यपालिका)
श्री कृष्ण बहादुर पौडेल, सदस्य (नगर कार्यपालिका)
श्री राम बहादुर क्षेत्री थापा, सदस्य (नगर कार्यपालिका)
श्री कृष्ण प्रसाद रेग्मी, सदस्य (नगर कार्यपालिका)
श्री लोक नारायण श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)
श्री रामचन्द्र भण्डारी, सदस्य (नगर कार्यपालिका)
श्री दल बहादुर थापा, सदस्य (नगर कार्यपालिका)
श्री मनराज गुरुङ्ग, सदस्य (नगर कार्यपालिका)
श्री दानु अधिकारी सापकोटा, सदस्य (नगर कार्यपालिका)
श्री गिता महत, सदस्य (नगर कार्यपालिका)
श्री विष्णुमाया ढकाल लम्साल, सदस्य (नगर कार्यपालिका)
श्री रिता कुमारी भुजेल थापा, सदस्य (नगर कार्यपालिका)
श्री सानुमाया महत, सदस्य (नगर कार्यपालिका)
श्री कुल बहादुर भुजेल, सदस्य (नगर कार्यपालिका)
श्री खिम बहादुर कुमाल, सदस्य (नगर कार्यपालिका)
श्री भरत लामगादे, सदस्य (नगर कार्यपालिका)

अन्य उपस्थिति :

श्री हिमा पोखेल, प्रशासकीय अधिकृत, ( प्रमुख, सामान्य प्रशासन शाखा )

Scanned by CamScanner

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय नं. १

१.१ जिल्ला आर्युवेद स्वास्थ्य केन्द्र दमौली बाट गत आ.व मा कार्यालय सहयोगी श्री गिता पौडेल यस कार्यालय अन्तर्गत खैरेनीटार आर्युवेद औषधालयमा करार सेवामा कार्यरत रहदै आएको सन्दर्भमा निजको करार सेवा अवधि सकिएको र निजलाई चालु आ.व को लागि तलब केन्द्रबाट छुट्टिइ आएकोले मिति २०७५।०४।०१ गतेबाट लागु हुने गरि ३/३ महिनाको लागि करार सेवा सम्झौता थप गर्दै जाने ।

निर्णय नं. २

**२.१** यस शुक्लागण्डकी नगरपालिका वडा नं ९ मा रहेको प्रशिद्ध ढोरवाराही मन्दिरमा आर्थिक वर्ष २०७५/७६ देखी आ.ब २०७७/७८ का लागि २०७५ श्रावण महिनाको वहाली पूजा पछि बाट २०७८ साल अषाढ मसान्त सम्म ३ वर्षको लागि मन्दिरमा चढाइने बलीका पाठापाठीका टाउका र चढाइएका परेवाहरु बिक्री गर्ने तर्फ एंव खुइल्याई सफा गर्ने, परेवा जोडी विक्री गर्ने,फोटो खिच्ने तर्फ प्रत्येक २/२ वषर्मा दर र कवोल अङ्कमा १० प्रतिशतका दरले बृद्धि गरि शुरु वर्ष जम्मा रु २२,००,०००।- ( अक्षरुपी बाईस लाख रुपैया मात्र)रकमलाई न्यूनतम अंक मानी १३ वटा लिखित बुदाहरुको आधारमा पुन : सिलवन्दी बोलपत्र आव्हान गरी दोस्रो पटक मिति २०७५/०४/२८ मा प्रकाशित सुचनालाई अनुमोदन गर्ने निर्णय गरीयो ।

सुचनामा समावेश बुदाहरु :

१. वोलपत्र फारम (टेण्डर फर्म) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिन सम्म यस कार्यालयबाट रु ३०००।- (अक्षरुपी तिन हजार मात्र) दस्तुर तिरी खरिद गर्न सकिनेछ ।
२. वोलपत्र फारम( टेण्डर फर्म) दस्तुर पाठापाठीका टाउका र परेवा बिक्री गर्ने, पाठापाठी खुइल्याई (टाउको सहित) आन्द्राभुडी सफा गर्ने र फोटो खिच्ने समेत कार्यका लागि मात्र हुनेछ ।
३. टाउका र परेवा बिक्री गर्ने, पाठापाठी खुइल्याई (टाउको सहित) आन्द्राभुडी सफा गर्ने र फोटो खिच्ने गरी न्युतनम रु २२,००,०००।- (बाईस लाख रुपैया मात्र)कायम गरिएको छ ।
४. वोलपत्र फारम इच्छुक व्यक्ति जो कोही नेपाली नागरिकलाई दिईने छ । फर्म भर्ने व्यक्तिको नामथर,ठेगाना र फोन न. स्पष्ट भरि गोप्य शिलवन्दि गरी पेश गर्नुपर्नेछ ।
५. आफुले कबोल गरेको अंकको १०% नगरपालिकाको खाता रहेको एन.आई.सी. एसिया बैक, दुलेगौडा शाखामा रहेको धरौटी खाता नं **A**३४१४९८६५३५२४००४मा धरौटी रकम राखि गोप्य शिलबन्दी फर्म सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२ बजे भित्र बुझाई सक्नु पर्नेछ र सोही दिनको २ बजे नगरपालिका कार्यालयमा खोलिने छ । उक्त दिन विदा परे कार्यालय खुलेको दिन खोलिने छ ।

Scanned by CamScanner

६. सब भन्दा बढी रकमबोल कवोल गर्ने व्यक्तिलाई प्राथमिकता दिईनेछ ।

७. आफुले कवोल गरेको रकम बोल पत्र फारम टेण्डर फर्म) खोलेको भोली पल्ट नगरपालिकाको एन.आई.सी. एसिया बैकको कोष खाता नं **A३४१४९८६५३५२४००१** मा राजश्व कवोल रकम जम्मा गरी नगरपालिकामा भौचर पेश गरे पछि मात्र सम्झौता गरिनेछ ।

८. बाराही मन्दीरमा चढाइएका जिन्सी सामान,सहयोग रकम र ज्यूदै चढाएर छोडिएका पाठापाठीहरु नगरपालिकाको हुनेछ ।

९. पाठापाठीका टाउकाको बिक्री मुल्य जम्मा रु २५०।- (अक्षरुपी दुई सय पचास मात्र), खुइल्याई सफा गर्ने तर्फ गिड–मुड समेत रु ४००। (अक्षरुपी चार सय रुपैया मात्र), परेवा जोडी विक्री तर्फ १००।- (अक्षरुपी रु एकसय रुपैया मात्र), फोटो खिचेको साईज अनुसार अधिकतम (४×६ रु १५, ५×७ रु २५, ६×८ रु ५०,८×१० रु १००,८×१२ रु १५०, १०×१२ रु २००)कायम गरिएको छ ।

१०.आफ्नो पाठापाठीको टाउको लान चाहेमा कायम गरिएको दर रेटमा दिनु पर्नेछ । मन्दिर परिसर भित्र तोकीएको दररेटमा सम्पुर्ण नियमपालनागरिनुपर्नेछ ।

११. असहज परिस्थती सृजना भएमा नगरपालिका आफ्नो निर्णय लिन बाध्य हुनेछ ।

१२. सम्पूर्ण कुरा नगरपालिकामा निहित हुनेछ । स्पष्ट नभएका कुराहरु नगरकार्यपालिकामा छलफल गरि लागु गरिनेछ ।

१३. न्यूनतम् अंकभन्दा माथि रकम परेमा एक मात्र टेण्डर फर्म भएपनि स्वीकृत गरिनेछ ।

२.३ यस अघि मिति २०७५।०४।२८ मा दोश्रो पटकका लागि प्रकाशित सुचनामा प्रत्येक १/१ वर्षमा दर र कवोल अङ्कमा १० प्रतिशतका दरले बृद्धि गर्ने भनिएकोमा उक्त सम्झौता गर्दा प्रत्येक २/२ वर्षमा दर र कवोल अंकमा १० प्रतिशतका दरले बृद्धि गर्ने भनि उल्लेख गर्ने ।

२.३ यस अघि नगर कार्यपालिकाको मिति २०७५।०३।०५ गतेको वैठकको निर्णय नं. २ को २.२ अनुसार गठित ढोर बाराहि मन्दिर व्यवस्थापन अध्ययन समितिले १ महिना भित्र मन्दिर व्यवस्थापन सम्बन्धि कार्यविधि तयार गरि राय सहित कार्यपालिकामा पेश गर्ने ।

प्रमुख

Scanned by CamScanner

निर्णय नं.३

३.१ यस शुक्लागण्डकी नगरपालिकाका वडाहरुमा वडा समितीलाई मासिक २ वटा मात्रको वैठक भत्ता उपलब्ध गराउने उक्त भत्ता प्रति वैठक रु १०००।- कायम गर्ने साथै उक्त भत्ता रकमको दर कायम गर्दा नपुग हुने रकम रु ५०४०००।- ( अक्षेरुपी रु पाच लाख चार हजार रुपैया मात्र ) गत सालको अ.ल्या बाट खर्च गर्ने ।

निर्णय नं. ४

४.१ यस नगर कार्यपालिका कार्यालय हाता भित्र रहेको चमेना गृह व्यवस्थित रुपमा सञ्चालन गर्नुपर्ने भएकोले चमेना गृहको न्युनतम मासिक भाडा रु ५,०००।- (अक्षेरुपी रु पाच हजार रुपैया मात्र ) विजुली पानी बाहेकको रकम बुझाउने गरि कार्यालयलाई के कति दर रेटमा खाना खाजा एवम चिया पानी खुवाउने हो सो खुलाई दोश्रो पटकका लागि सिलबन्दि प्रस्ताव माग गर्ने ।

निर्णय नं. ५

५.१ शु.न.पा २ स्थीत चहुने मुढा हलेदी सडक खण्डको फुटपाथ निर्माण गरि सडक दुर्घटना कम गर्न र नागरिकलाई सहज आवत जावत गर्न सडक विभाग, डिभिजन सडक कार्यालय पोखरा र दमौलीलाई सिफारिस गरि पठाउने ।

निर्णय नं. ६

६.१ नगर कार्यपालिकाको मिति २०७५।०३।२९ गतेको वैठकको निर्णय अनुसार संकलन गर्दै आएको स्थानिय निकासी कर अर्थ मन्त्रालयको निर्देशन अनुसार स्थानीय तहले उठाउन नपाउने भनि आएकोले स्थानीय निकाशी करको शिर्षक हटाई स्थानीय उत्पादन शुल्क नामाकरण गर्ने ।

निर्णय नं. ७

७.१ न्यायिक समितिको क्षेत्र विस्तार गर्न न्यायिक समितिले पेश गरेको कार्ययोजना सहितको कार्यक्रम प्रस्ताव स्वीकृत गर्ने ।

निर्णय नं. ८

८.१ यस नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा करार सेवामा नियुक्ति भै कार्यरत रहनुभएका सुचना प्रविधि अधिकृत नेपाल सरकारको ना.सु सरहका स्थायी पदमा सिफारिस भै यहाँबाट राजिनामा दिई अन्यन्त्र गई सकेकोले मन्त्रालयको स्पष्ट निर्देशन ,तोकिएको तलव भत्तामा स्थानीय तहलाई तोकि आएको शर्त र नियमका आधारमा नयाँ सुचना प्रविधि अधिकृत छनौट एवम सिफारिस गर्न आवश्यक प्रक्रिया अघि वढाउने ।

प्रमुख

Scanned by CamScanner

निर्णय नं. ९

९.१ शुक्लागण्डकी नगरपालिका भित्र रहेका विभिन्न नदि तथा खोलाबाट आ.व २०७५।०७६ मा उत्खनन गर्न सकिने नदिजन्य पदार्थहरुको जिल्ला समन्वय समितिबाट स्वीकृत टि.ओ.आर अनुसार प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (आई.ई.ई) श्री एम.वि.ए ईञ्जिनिर्यस एण्ड कन्सल्टेन्सी प्रा.लि बाट प्राप्त भएकोले उक्त प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृतिका लागि जिल्ला समन्वय समितिमा पठाउने ।

निर्णय नं. १०

१०.१ नगर कार्यपालिकाको मिति २०७५।०३।२९ गतेको वैठकको निर्णय अनुसार पानीमा लगाईएको स्थानीय निकासी कर ०.२५ ताकिएकोमा संशोधन गरि प्रति लिटर ०.२ ( दुई पैसा मात्र ) पैसा कायम गर्ने ।

निर्णय नं. ११

११.१ नगरपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गाहरुमा संस्था वा व्याक्तिद्धारा बनेका ,बन्न लागेका भौतिक संरचनाहरु बन्न नदिन एवम सार्वजनिक जग्गा संरक्षण गर्ने उदेश्यले सम्पुर्ण वडा कार्यालयलाई सो विषयको लिखित जानकारी नगर कार्यपालिकामा पेश गर्न निर्देशन दिने ।

निर्णय नं. १२

१२.१ शु.न.पा ९ स्थीत ढोरबाराही मन्दिर संचालन तथा व्यवस्थापनको लागि नगर कार्यपालिकाको निर्णय अनुसार टेण्डर प्रक्रियाद्धारा व्यवस्थापन नगरुन्जेल सम्मका लागि शु.न.पा ९ निवासी श्री हर्क बहादुर महतलाई मिति २०७५।०५।०१ गतेबाट लागु हुने गरि यस अघिको टेण्डर प्रक्रियाद्धारा तोकीएको दररेट अनुसार मन्दिरमा चढाउने बलिका पाठा पाठीका टाउको र चढाईएका परेवाहरु विक्रि गर्ने तर्फ एवम खुईल्याइ सफा गर्ने र फोटो खिच्ने सम्मका कार्य गरे बापत दैनिक रु २०००।- ( अक्षेरुपी रु दुई हजार मात्र )रकमको दरले १५/१५ दिनको राजश्व अग्रिम रुपमा नगर कार्यपालिका कार्यालयको राजश्व शाखामा बुझाउने गरि काम गर्न अनुमती प्रदान गरिएकोमा सो अनुमोदन गर्ने ।

निर्णय नं. १३

१३.१ नगरपालिकाको व्याक हु लोडर मर्मत गर्नका लागि यस अघि नगर कार्यपालिकाबाट निर्णय अनुसार राम कुमार श्रेष्ठको संयोजकत्वमा गठन भएको समितीलाई सो व्याक हु लोडर मर्मत गरि नगरपालिकामा ल्याउन जिम्मा दिने साथै मर्मत गर्दा लाग्ने खर्च ईष्टिमेट अनुसार विल भर्पाईका आधारमा भुक्तानी दिने ।

Scanned by CamScanner

निर्णय नं. १४

१४.१ नगर कार्यपालिका कार्यालयमा र यस अन्तर्गतका वडा कार्यालयहरुमा सार्वजनिक सेवा वडापत्र नागरिकले देख्न ठाउँमा राख्ने व्यवस्था मिलाउँन सुचना शाखालाई जिम्मा दिने ।

निर्णय नं. १५

१५.१ फोहोरमैला व्यवस्थापन केन्द्र संचालन गरि फोहोरमैला व्यवस्थापन गर्ने टेण्डर प्रक्रिया अगाडी बढाउने ।

निर्णय नं. १६

१६.१ शु.न.पा १० स्थीत छब्दी मा.वि को गेट निर्माणका लागि लागत ईष्टिमेट तयार गर्न नगर कार्यपालिकाबाट प्राविधिक खटाउने ।

निर्णय नं. १७

१७.१ सार्वजनिक जग्गा भाडादर प्रत्येक १/१ वर्षमा १०% का दरले बृद्धि गर्ने यस अघि नगर कार्यपालिकाको निर्णय भएकोमा सो निर्णय संशोधन गरि प्रत्येक २/२ वर्षमा १०% प्रतिशतका दरले बृद्धि गर्ने ।

निर्णय नं. १८

१८.१ शु.न.पा १२ स्थित प्यूरीदोभानमा झोलुङ्गे पुल निर्माणका क्रममा हरिचन्द्र पौडेलको शौचालयमा क्षति हुन गएकोले त्यसको मर्मतका लागि लागत ईष्टिमेट तयार गर्न प्राविधिक खटाउँने ।

निर्णय नं. १९

१९.१ शु.न.पा २ स्थित श्री हंशबाहिनी मा.वि. मा नेपाल स्काउट गठन गरि कार्य संचालनका लागि आर्थिक सहयोग माग भै आएकोले रु २५०००।- ( अक्षेरुपी रु पच्चिस हजार मात्र ) विनियोजन गर्ने ।

Scanned by CamScanner

निर्णय नं. २०

२०.१ शुक्लागण्डकी नगरपालिकाबाट भए गरेका निती तथा कार्यक्रम , विकाश निर्माणका गतिविधिहरु एवम सरकार र नागरिक विचको सम्बन्ध स्थापित गरि सुचनाको हकको प्रत्याभुत गर्न संचार माध्यम एवम पत्र पत्रिकाका माध्यमबाट सुचना संप्रेषण गर्नका लागि प्रेस सल्लाहकार नियुक्ति गर्ने ।

निर्णय नं. २१

२१.१ फेवा टेलिभिजन द्धारा संचालन हुँन गइरहेको फेवा आइडल सिजन १ को लागि पेश भएको प्रस्तावनाको शिर्षक मध्ये कार्यक्रम विशेष सहयोगी शिर्षक अन्तर्गतको रकम रु ५०,०००।- ( अक्षेरुपी रु पचास हजार मात्र ) विनियोजन गर्ने ।

निर्णय नं. २२

२२.१ भुकम्प प्रविधि सम्बन्धि राष्ट्रिय समाज नेपाल (एनसेट ) को कार्यक्रम संचालनको लागि अनुमति दिने ।

नि. प्रमुख प्रशासकीय अधिकृत